# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail :<nrbbfirdppd@nrb.org.np>
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/२०/०७७/७८

मितिः २०७८/०२/१०

# सूचना

**इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरू,**

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरण गर्दै उच्च सतर्कताका साथ सेवा प्रवाह गर्ने सम्बन्धमा यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई मिति २०७८/०१/१९ मा जारी गरिएको निर्देशनको बुँदा नं. २ को सम्बन्धमा काठमाडौं उपत्यकाको हकमा निषेधाज्ञा अवधिभर देहायबमोजिम वित्तीय सेवा प्रदान गर्न/गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको व्यहोरा सूचित गरिन्छ ।

१. 'क' वर्गका वाणिज्य बैंकले काठमाडौं जिल्लामा ३ वटा, ललितपुर जिल्लामा २ वटा र भक्तपुर जिल्लामा १ वटा शाखा आलोपालो गरी सञ्चालन गर्ने ।

२. 'ख' वर्गका विकास बैंकले काठमाडौं जिल्लामा २ वटा, ललितपुर जिल्लामा १ वटा र भक्तपुर जिल्लामा १ वटा शाखा आलोपालो गरी सञ्चालन गर्ने ।

३. 'ग' वर्गका वित्त कम्पनीले काठमाडौं जिल्लामा १ वटा, ललितपुर जिल्लामा १ वटा र भक्तपुर जिल्लामा १ वटा शाखा आलोपालो गरी सञ्चालन गर्ने ।

४. मिति २०७८/०१/१९ मा जारी सोही निर्देशनबमोजिम संस्थाका केन्द्रीय कार्यालयहरु सञ्चालन गर्ने र अत्यावश्यक बैंकिंग सेवाको लागि बन्द रहेका शाखाका सम्पर्क व्यक्तिको सम्पर्क नम्बर, सेवा प्राप्त गर्न सकिने बैकल्पिक शाखा, शाखा खुला रहने समयसम्बन्धी सूचना दैनिक रुपमा प्रकाशन गर्ने ।

५. यस बैंकबाट कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरण गरी सेवा सुचारु गर्ने सम्बन्धमा यसअघि जारी गरिएका निर्देशनहरु परिपालना गर्ने/गराउने व्यवस्था मिलाउने ।

कार्यकारी निर्देशक